का.जि.प्र. 1068/063/064
गै.ना.सं.न.१८०
पान न. ३०२६०३५८१
जि.वि.स.का.स.द.न. २८७१/२०७१/०६४/०६५

# नेपाल आयुर्वेद स्वास्थ्यकर्मी समाज
# NEPAL AYURVED PARA-MEDICAL SOCIETY
## मधेश प्रदेश समिति, जनकपुरधाम
## MADHESH PROVIENCE COMMITTEE

**पत्र संख्याः-** २०८२ /०८३ **मितिः-** २०८२/०८/२६
**चलानी नः-** ९

मधेश प्रदेसका पदाधिकारीहरु
राम छविला यादव
अध्यक्ष
९८५४०२८६९३
मनोज महतो
उपाध्यक्ष
९८२६७२८६५२
सुबोध राय
उपाध्यक्ष
९८०७६९६१२२
नविन यादव
सचिव
९८४९८९४०५
श्रीराम साह
कोषाध्यक्ष
९८४२१९६६४
सदस्यहरु
दिनेश साह
राम प्रवेश यादव
बिश्वनाथ चौधरी
कृष्णा यादव
रामएकवाल मण्डल
सविता ठाकुर
राकेश यादव
प्रमोद यादव
पंकज राज चौहान
सल्लाकार समिति
नागेन्द्र प्रसाद पटेल
भोला महतो
जयनारायण यादव
भोला साह
हरिओम जयसवाल
कानूनि सल्लाहाकार
श्याम गिरि

**श्री सम्बन्धित पालिका**
**मधेश प्रदेश ,नेपाल**

**बिषय : ध्यानाकर्षण गराईएको बारे।**

आयुर्वेद क्षेत्रको बिकृति विसंगती बिरुद्ध अवाज उठाउदै सेवा बिस्तार एवम स्वास्थ्यकर्मीको हकहितका लागि सदैव अवाज बुलन्द गरि संघठित रुपमा संघ तथा प्रदेश सरकार मार्फत आयुर्वेद स्वास्थ्य संस्थाको स्थापना देखि बजेट वृद्धि गराउन सदैब पहल गरि आयुर्वेद क्षेत्रको बिकास बिस्तारमा लागि रहने छाता संघठनको रुपमा रहेको नेपाल आयुर्वेद स्वास्थ्यकर्मी समाज देश भरि नै स्थापित संस्थाको रुप रहेको ब्यहोरा जानकारी गराउदछौ।

आ.व.२०८२/०८३ मा संघीय ससर्त स्थानीय निकायको अनुदान कार्यक्रममा ब.उप.शि.न. 37003102 क्रियाकलाप न 2.7.22.143 मा रु ५,००००० **(पांच लाख** )नागरिक आरोग्य सव केन्द्र स्थापना/संचालन र अभियान भन्नेर विनियोजित बजेट रहेकोलाई **मेरो स्वास्थ्य मेरो जिम्मेवारी** नारालाई सार्थक पार्न आयुर्वेद स्वास्थ्यकर्मी (वैद्य /अभियान कर्ता ) भर्ना गरि आयुर्वेद चिकित्साका आधारभूत सेवा लगायत ,योग ब्यायाम ,ध्यान,स्वस्थ जीवन शैली मार्फत घर- घरमा अभियानको रुपमा आयुर्वेद चिकित्सा पुर्याउन एवम नागरिक आरोग्य समित र समुह गठन गरि टोल टोलमा नागरिक आरोग्य अभियान संचालन गर्ने उद्देश्य अनुरुप नयाँ बजेट विनियोजित गरिएको छ। बिगत केहि आ.व देखि प्रदेश सरकार मार्फत संघीय ससर्त बजेटको रकमबाट प्रादेशिक आयुर्वेद तथा बैकल्पिक चिकित्सालयले कर्मचारी भर्ना गरि स्थानीय निकायको समन्वय सहकार्यमा समेत स्थपना भएका नागरिक आरोग्य सेवा केन्द्र आ.व २०८२/०८३ मा स्थानीय निकायमा नै संघीय ससर्त बजेट विनियोजित भएकोले प्रादेशिक आयुर्वेद तथा बैकल्पिक चिकित्सालयहरुबाट बिगतमा भर्ना गरेको कर्मचारी सहित नागरिक आरोग्य सेवा केन्द्र स्थानीय तहलाई हस्तरान्तरण गरिसकेको व्यहोरा अवगत नै छ। अर्को तर्फ मधेश प्रदेश सरकारले आ .व २०८०/०८१ मा ५६ ओटा नागरिक आरोग्य सेवा केन्द्रका लागि वैद्य १ जना र कार्यालय सहयोगी १ जना गरि २ जना कर्मचारी सहित बिभिन्न स्थानीय निकायमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरि हाल चालु आ.व. सम्म समेत प्रादेशिक आयुर्वेद तथा बैकल्पिक चिकित्सालय मार्फत नै संचालनमा रहेको व्यहोरा अनुरोध छ । यस्तो अवस्था रहे तापनि ससर्त बजेटमा विनियोजित रकमको संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पारित गरेको **आ व २०८२/०८३ को स्वीकृत स्थानीय तहबाट**

**पत्र संख्याः-** २०८२ /०८३ **मितिः-** २०८२/०८/२६

**चलानी नः-** ६


मधेश प्रदेसका पदाधिकारीहरु
राम छविला यादव
अध्यक्ष
९८५४०२८६९३
मनोज महतो
उपाध्यक्ष
९८२६७२८६५२
सुबोध राय
उपाध्यक्ष
९८०७६९६१२२
नविन यादव
सचिव
९८४९८९४०५
श्रीराम साह
कोषाध्यक्ष
९८४२१९६६४
सदस्यहरु
दिनेश साह
राम प्रवेश यादव
बिश्वनाथ चौधरी
कृष्णा यादव
रामएकवाल मण्डल
सविता ठाकुर
राकेश यादव
प्रमोद यादव
पकंज राज चौहान
सल्लाकार समिति
नागेन्द्र प्रसाद पटेल
भोला महतो
जयनारायण यादव
भोला साह
हरिओम जयसवाल
कानूनि सल्लाहाकार
श्याम गिरि


**संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्बन्धि मार्दशनको पेज न २२६ र २३५ अनुसार** एवम आयुर्वेद तथा बैकल्पिक चिकित्सा विभागले बिभिन्न मितिमा जारि गरेको परिपत्र भए तापनि केहि स्थानीय निकायबाहेक हालसम्म नयाँ स्थपना गर्ने नागरिक आरोग्य सेवा केन्द्रका लागि बिज्ञापन नगरेको तथा केहि पालिकाले सो रकमबाट बिभिन्न कार्यक्रम एवम औषधि खरिद गरि रहेको तथा बिगतमा स्थापना भएको केन्द्र को प्रादेशिक आयुर्वेद तथा बैकल्पिक चिकित्सालयबाट हस्तरान्तरन भएको कर्मचारीको म्याद थप नगरी सोहि रकममा कार्यालय सहयोगी लगायत मनोमानी ढंगले कर्मचारी नियुक्ति गरि बिगतमा नियुक्त रहेको कर्मचारीलाई दु:ख दिने काम गरि रहेको भन्ने जानकारी प्राप्त भएकोले यस समाजको ध्यानाकर्षण भएको छ। तसर्थ यस्ता क्रियाकलाप नगरी जेंजी आन्दोलनको मर्म समेत बुझी युवाहरुको रोजगार समेत पाउनबाट बन्चित नगरी निर्देशिका अनुसार १ जना आयुर्वेद स्वास्थ्यकर्मी भर्ना गरि नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरिं संचालन गर्ने व्यवस्थापन मिलाउन र प्रादेशिक आयुर्वेद तथा बैकल्पिक चिकित्सालयबाट हस्तरान्तरन भएको कर्मचारीहरुको करार म्याद थप र सम्झौता गरि आयुर्वेद क्षेत्रको बिकास बिस्तारमा सहयोग गरि दिनु हुन् बिनम्र अनुरोधको साथै ध्यानाकर्षण गराउदछौ। यस सम्बन्धमा अझ प्रस्ट बुझ्नु परेमा आयुर्वेद तथा बैकल्पिक चिकित्सा विभागमा टेकु काठमाण्डौमा वा जिल्ला स्थित प्रादेशिक आयुर्वेद तथा बैकल्पिक चिकित्सालयमा सम्पर्क गरि समन्वय सहकार्य गर्नु हुन् अनुरोध छ। यस कार्यक्रमसंग सम्बधित परिपत्र ,निर्देशिका र सहयोगी पुस्तक www.doaa.gov.np मा हेर्नु हुन् अनुरोध छ।

**राम छविला यादव**
**अध्यक्ष**

**बोधार्थ**

श्री आयुर्वेद तथा बैकल्पिक चिकित्सा विभाग ,टेकु ,काठमाण्डौ
श्री प्रदेश स्वास्थ्य निर्देशनालय ,सपही,धनुषा ,मधेश प्रदेश
श्री प्रादेशिक आयुर्वेद तथा बैकल्पिक चिकित्सालय सप्तरी,सिरहा,धनुषा,महोत्तरी,सर्लाही,रौतहट,बारा,पर्सा (पालिकालाई ध्यानाकर्षन गराउनु हुन् तथा समन्वय सह्जिकरनका लागि अनुरोध छ )
श्री नेपाल आयुर्वेद स्वास्थ्यकर्मी समाज .केन्दीय कार्यसमिति ,काठमाण्डौ
श्री नेपाल आयुर्वेद स्वास्थ्यकर्मी समाज जिल्ला कार्य समिति सप्तरी,सिरहा,धनुषा,महोत्तरी,सर्लाही,रौतहट,बारा,पर्सा (पालिकालाई ध्यानाकर्षन गराउनु हुन् )



CamScanner